**मिति २०७९ अश्विन ४ गते नगर कार्यपालिका (१३१ औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. डेंगु रोग नियन्त्रण कार्ययोजना सम्बन्धमा ।
२. सडक तथा बाटो मर्मत सुधार, विपद व्यवस्थापन, आर्थिक सहयोग एवं कार्यक्रम संचालन ।
३. बजार अनुगमन गर्ने सम्बन्धमा ।
४. भू उपयोग योजना तर्जुमा कार्यको प्रगति समीक्षा ।
५. वार्षिक समीक्षा कार्यक्रमको मिति तय गर्ने ।
६. नगरपालिकाको योजना अनुगमन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।
७. जनप्रतिनिधिको ईन्धन सुविधा सम्बन्धमा
८. जनप्रतिनिधिलाई चाडबाड खर्च भुक्तानी सम्बन्धमा
९. कार्यालय सहयोगी पदपूर्ति सम्बन्धमा
१०. सरकारी जग्गा लिज सिफारिस सम्वन्धमा
११. कानूनी सल्लाहकारलाई बहस पैरवी सम्बन्धी अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
१२. सूर्यविनायक अस्पताल व्यवस्थापन समिति एवं अन्य विषयगत समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
१३. पाखागाँउ पार्क निर्माण योजनाको ठेगाना यकिन सम्वधमा ।
१४. विविध ।

**निर्णय नं १**

देशव्यापी रुपमा वढी रहेको डेंगुरोग संक्रमण नियंत्रणका सम्वन्धमा जिल्ला स्वास्थ्य कार्यालय भक्तपुर र यस नगरपालिका अन्तर्गत रहेका सवै स्वास्थ्य संस्थाका प्रमुखहरु सहितको बैठक मार्फत प्राप्त सुझाव बमोजिम देहाय अनुसार गर्ने निर्णय गरियो ।

क. डेंगु रोगको लागि अत्यावश्यक प्यारासिटामोल सहज रुपमा सवै स्वास्थ्य संस्थाबाट निशुल्क उपलब्ध गराउने ।
ख. प्रत्येक टोलवस्तीहरुमा डेंगुसंग सम्वन्धित चेतनामुलक कार्यहरु संचालन गर्ने ।
ग. सामाजिक संजालहरुमा रोगसंग बच्ने उपायहरुको सम्वन्धमा व्यापक प्रचार प्रसार गर्ने ।
घ. अति प्रभावित क्षेत्र पहिचान गरी खोजी र नष्ट गर्ने विशेष अभियान संचालन गर्ने ।
ङ. डेंगु किटको सहज उपलब्धताको सुनिश्चिता गर्ने ।

**निर्णय नं २**

नगर सभाको एघारौं अधिवेशनबाट विपद व्यवस्थापन, मर्मत संभार, र अन्य विभिन्न शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम आर्थिक सहयोग, विपद राहत वितरण, कार्यक्रम संचालन तथा निर्माण भएका आयोजना मर्मत संभारका लागि देहाय अनुसारको रकम खर्च लेख्न स्वीकृत गर्ने निर्णय गरियो ।

**क. आर्थिक सहयोग र उपचार राहत खर्च**

| क्र.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सुजिता परियार | सूनपा ४ | १०००० |
| २ | रिता नेपाली | सूनपा १ | १०००० |
| ३ | शर्मिला थकाचे श्रेष्ठ | सूनपा १ | १५००० |
| ४ | मिना किवाछे दुर्घटनाबाट घाईते | सूनपा ५ | ९९००० |
| ५ | सन्तोषि नेपाली परीयार | सूनपा ७ | २५००० |
| ६ | पूर्णबहादुर तमांग | सूनपा १ | १५००० |
| ७ | विनय पौडेल | सूनपा ५ | २५००० |
| ८ | सुरेश बस्नेत बिरामी | सूनपा ८ | १५००० |
| ९ | टिका कुमारी अधिकारी | सूनपा १० | १५००० |
| १० | रोहित तमांग बिरामी | सूनपा ८ | १०००० |
| ११ | शम्भूबहादुर कार्की | सूनपा १० | ३०००० |

## ख खेलकुद

| क.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | खेलकुद संचालन समिति | जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता | सूनपा १ | १००००० |
| २ | होराईजन युथ ईभेन्ट म्यानेजमेन्ट प्रा.लि. | उपत्यका व्यापी फूटसल प्रतियोगिता | | ९९००० |
| ३ | महाकालेश्वर युवा क्लव | व्याडमिन्टन प्रतियोगिता | सूनपा १० | ९९००० |
| ४ | | | | |

## घ विपद सहयोग

| क.स. | विपद विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | घर पैरो प्रभावित विजय लामा | सूनपा ८ | २०००० |
| २ | खेत पैरो बाढी | सूनपा १० | ९९००० |

## ङ. अन्य कार्यक्रम संचालन

| क.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | सत्य संचार प्रा.लि. | यस नपाको फोहर मैला सम्बन्धी वृतचित्र निर्माण | काठमाण्डौ | ५००००० |
| २ | रामप्रसाद तिमलसिना संयोजक | राष्ट्रिय धान दिवस मनाईएको | भक्तपुर | ९५००० |
| ३ | सुनकोशी लहरेमाने सुनापाती संरक्षण क्षेत्र | हाईकिंग | सूनपा ७ | ५०००० |
| ४ | ग्रयाभिटी वाटर नेपाल | महिला नेतृत्व विकास तथा कानूनी प्रशिक्षण | सूनपा १० | ३००००० |
| ५ | विश्व मेडिया | सूचना मूलक सन्देश प्रशारण | सूनपा | ५६००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | नेपाली महिला हरुको आवाज | डेंगु रोग नियंत्रण सचेतना मूलक | सूनपा | ३००००० |
| ७ | आधारभूमी डट कम | सूचना प्रकाशन | | २५००० |
| ८ | पिपुल नेपाल डटकम | सूचना प्रकाशन | काठमाण्डौ | २०००० |
| ९ | पियोपल नेपाल डट कम | सूचना प्रकाशन | | ३०००० |
| १० | सस्कृति संरक्षण कृष्ण मन्दिर बाँसूरी बाजा | बाजा खरिद | सूनपा ७ | ७०००० |
| ११ | किवाचौक धिमे बाजा | बाजा खरिद | सूनपा ७ | १००००० |

**पूर्वाधार तर्फ मर्मत संभार**

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | ओरालो ढलान योजना साविक वडा न ८ | सूनपा १ | २००००० |
| २ | बाटो ग्राभेल मर्मत | सूनपा २ | १०००००० |
| ३ | चित्रपुर सामुदायिक भवन | सूनपा ४ | १५००००० |
| ४ | लिखानारायण पलाञ्चोक भगवती | सूनपा ७ | १५००००० |
| ५ | गुण्डु सडक ग्राभेल | सूनपा ७ | ५००००० |
| ६ | बिभिन्न स्थानमा ग्राभेल र माटो सोर्ने | सूनपा ८ | १०००००० |
| ७ | बिभिन्न स्थानमा ग्राभेल र माटो सोर्ने | सूनपा १० | १०००००० |
| ८ | रेडक्रस भवन क्षेत्र रिटेनिंग वाल | सूनपा १० | ५००००० |
| ९ | पाण्डुबजार बाटो मर्मत | सूनपा ६ | ४००००० |
| १० | बाटो मर्मत तथा ग्राभेल पाल्लेटार फुटसल | सूनपा १ | ३००००० |
| ११ | विभिन्न बाटो मर्मत ग्राभेल | सूनपा १ | ५००००० |
| १२ | सुवर्णेश्वर जाने बाटो मर्मत संभार | सूनपा ५ | ३००००० |
| १३ | पिपलबोट चत्रपथ जोडने बाटो | सूनपा ८ | ४००००० |
| १५ | प्रवेशद्वार निर्माण भेतासी खुलाल गाउँ | सूनपा १० | १०००००० |
| १३ | सूर्यटोलबाट भट्टा जानेबाटो | सूनपा ४ | १०००००० |
| १४ | प्रगति टोल सुधार समिति लगायत | सूनपा ३ | ३००००० |
| १५ | भाराली पाटी निर्माण पूरा गर्ने | सूनपा ९ | ४००००० |
| १६ | सहर्षेश्वर महादेव मन्दिर निर्माण थप | सूनपा ९ | ३००००० |
| १७ | सोमलिंगेश्वर मन्दिर निर्माण | सूनपा १ | ३०००० |
| १८ | सोमलिगेंश्वर आ.वि. पर्खाल निर्माण चुनाव गराउने विद्यालय | सूनपा १ | ५००००० |
| २१ | पलाँसे डोलेश्वर खण्ड सरसफाई नाली सफा | सूनपा ९ | ६०००० |
| २२ | बाटो सरसफाई तथा ग्राभेल | सूनपा ९ | ५००००० |

**निर्णय नं ३**

नेपालीहरुको महान चाड वडा दशै र तिहारलाई मध्यनजर गरी नगर उप प्रमुखको नेतृत्वमा मिति २०७९ अश्विन ५ देखि ९ सम्म देहाय बमोजिम संयुक्त बजार अनुगमन कार्य अगाडि बढाउने निर्णय गरियो ।

क. बजार अनुगमन गर्दा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, उद्योग बाणिज्य संघ, घरेलु र अन्य सम्बध निकायहरु सहित संयुक्त रुपमा अनुगमन गर्नुपर्ने ।

ख. अनावश्यक मुल्यवृद्धि भई रहेको भन्ने गुनासो आई रहेको सम्बन्धमा अधिकतम खुद्रा मुल्य ( MRP) अनुसार भए नभएको सम्बन्धमा विशेष अनुगमन गर्ने ।

ग. मिसावटको विषयमा अनुगमन गर्दा सम्भव भएसम्म विज्ञ जनशक्तिको सहभागिता गराउने ।

घ. मासुजन्य पसलहरुको सघन अनुगमन गर्ने ।

**निर्णय नं ४**

सूर्यविनायक नगरपालिकाको भू उपयोग परीषद अन्तर्गत कार्यान्वयन समितिबाट भुमि वर्गिकरणका सम्बन्धमा भएको हालसम्मको कार्य प्रगति र आगामी कार्ययोजना बैठक समक्ष जानकारी भयो ।

क. परामर्शदाताको तर्फबाट हालसम्म १० वटै वडामा वडा भेला गरी सुझाव संकलनको कार्य सम्पन्न गरी सकेको ।

ख. नगर यातायात गुरु योजनाको कार्य समेत निरन्तर रहेको ।

ग. नगरपालिका क्षेत्र भित्रको जमीनको उत्पादकत्व र जग्गाको मुल्यको सम्बन्धमा अध्ययन भई रहेको ।

घ. भू उपयोग योजनाको प्रारम्भिक मस्यौदा कार्तिक २ गतेसम्म तयार गरी कार्यान्वयन समितिमा पेश गरिने र सो मस्यौदा सवै वडामा समेत प्रस्तुत गरी प्राप्त सुझावहरुको आधारमा २०७९ कार्तिक मसान्तभित्र अन्तिम प्रतिवेदन तयार गरिने ।

च. भू उपयोग कार्यान्वयन समितिले संगसगै कार्य संचालन गर्नुपर्ने भएकोले उक्त समितिमा २ जना महिला सहित ४ जना विज्ञहरु १ साता भित्र मनोनयन गरिसक्ने ।

**निर्णय नं ५**

सूर्यविनायक नगरपालिकाको आ.व.२०७८।७९ को वार्षिक समीक्षा कार्यक्रम देहायको मिति र समयमा तपसिल बमोजिमको मोडालिटीमा सम्पन्न गर्ने निर्णय गरियो ।

**तपसिल**

मिति २०७९ अश्विन २८ गते

समय: विहान ७ वजे

**कार्यक्रम संचालन मोडालिटी**

क. सम्बन्धित वडा सचिवबाट वडा गत प्रस्तुतिकरण र शाखा नपा कार्यालयको शाखा प्रमुखबाट शाखागत प्रस्तुतिकरण तयार गरी प्रस्तुत गर्ने ।

ख. प्रस्तुतिको समय वढीमा १० मिनेट मा पावर प्वाण्टमा तयार गर्ने

ग. पावर प्वाण्टको मोडेल र संख्या र सोको तयारी सम्बन्धमा सूचना प्रविधि शाखाले समन्वय गर्ने ।

घ. प्रस्तुतिकरणको पावर प्वाण्ट तयार गर्ने क्रममा वडाको हकमा सम्बन्धित वडा अध्यक्ष र शाखाको हकमा विषयगत समितिका संयोजकले संयोजन गर्ने

ङ. प्रस्तुति उपर छलफलको लागि समय व्यवस्थापन गर्ने ।

च. कार्यक्रममा नपाका प्रमुख, उप प्रमुख सहित नगरसभाका सम्पूर्ण सदस्यहरु, वडा सचिव र शाखा प्रमुखहरुको सहभागिता रहने

छ. कार्यक्रमको स्थान सचिवालयबाट तय गरिने ।

**निर्णय न.६**

सूर्यविनायक नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन कार्यविधि २०७९ स्वीकृत गरी कार्यान्वयनको लागि तत्काल स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो र उक्त कार्यविधिको दफा ९ बमोजिमको अनुगमन तथा कार्यक्रम अनुगमन समितिमा कार्यपालिका सदस्यहरुमध्ये बाट श्री रविन्द्र सापकोटा, श्री प्रदिप कार्की र श्री शर्मिला लम्साल बस्नेतलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं ७**

यस नगरपालिकामा निर्वाचित पदाधिकारीहरुलाई देहाय बमोजिम ईन्धन सुविधा (पेट्रोल/डिजेल) प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पदाधिकारी विवरण | ईन्धन सुविधा |
|---|---|---|
| १ | नगर प्रमुख एवं उपप्रमुख | सवारी लग बुक (माईलेज) को आधारमा उपलब्ध हुने |
| २ | वडा अध्यक्ष | मासिक २० लिटर |
| ३ | कार्यपालिका सदस्य | रु २५०० प्रति महिना |
| ४ | नगरसभा सदस्य | मासिक १० लिटर |

**निर्णय नं ८**

यस सूर्यविनायक नगरपालिकाका सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरुलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५(संसोधन सहित) मा उल्लेख भएको प्रति महिना पाउने सुविधा अनुसार उप प्रमुख सहित सम्पूर्ण निर्वाचित पदाधिकारीहरुलाई १ महिनाको बराबरको चाडवाड खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९**

यस कार्यालय अन्तर्गत विभिन्न स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा कार्यालय सहयोगी पदमा कर्मचारी रिक्त एवं अपुग भएकोले कर्मचारी पदपूर्तिको व्यवस्था गरिदिन नगरपालिकालाई पटक पटक अनुरोध हुदै आएकोमा हाललाई शहरी स्वास्थ्य क्लिनिक काकाबारी सूनपा ९ र ४ न वडा कार्यालय दधिकोटको लागि एक एक जना कार्यालय सहयोगी पदपूर्ति गर्ने । यसको लागि सूर्यविनायक नगर अस्पतालको लागि कार्यालय सहयोगी पदमा आवेदन दिई बैकल्पिक योग्यता क्रम सूचीमा रहेका उम्मेदवार मध्ये महिला तर्फको सूचीमा क्र.स.१ र २ मा रहेका क्रमशः विष्णुमडी पन्थ र चण्डिका

कार्कीलाई उपरोक्त दरवन्दीमा सेवा करारमा नियुक्त गरी काम काजमा लगाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १०**

सूर्यविनायक नगरपालिका वडा नं ८, साविक सिपाडोल गाविस वडा नं ६ स्थित वैभवेश्वर टोल सुधार समाज तपसिल बमोजिमको सार्वजनिक जग्गा लिजमा लिई खेल मैदान एवं व्याडमिन्टन कवर्डहल निर्माण गर्नका लागि सम्बन्धित वडा समितिको निर्णय सहित यस कार्यालयमा सिफारिस गरि पठाएको सन्दर्भमा सम्बन्धित टोल सुधार समाजले नै सम्बन्धित निकायहरुबाट आवश्यक स्वीकृति लिने गरी सरकारी जग्गा लिजमा लिने कार्यविधि, २०७९ को दफा ७ (ड) बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| कित्ता नं | जग्गाको क्षेत्रफल | जग्गाको प्रयोजन | जग्गा रहेको ठेगाना |
|---|---|---|---|
| ४४१ | २ रोपनी २ आना | खेल मैदान र कवर्डहल | सूनपा, ८ साविक सिपाडोल ६ |

**निर्णय नं ११**

सूर्यविनायक नगर कार्यपालिका एवं नगर प्रमुख, अन्य निर्वाचित पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत एवं अन्य कर्मचारीको तर्फबाट अदालत तथा अर्धन्यायीक निकाहरुमा फिरादपत्र दायर गर्न, निवेदन दिन, उजुरी दायर गर्न, वा मुद्दा मामिलाहरुको पुर्पक्ष गर्न, प्रतिरक्षा गर्न, प्रतिउत्तर पत्र फिराउन, म्यादमा उपस्थित हुन, लिखित जबाफ पेश गर्न, मिलापत्र गर्न, पुनरावेदन दायर गर्न, लिखित प्रतिवाद दायर गर्न, मुद्दा दोहर्याउने निवेदन दिन, वारिश अख्तियार प्रदान गर्न, नक्कल सार्न, अन्तरिम आदेश उपर छलफल लगायत भै परी आउने अन्य कानून बमोजिमका आवश्यक कार्यहरु गर्नका लागि नगरपालिकाका कानूनी सल्लाहकार श्री अनिल कुमार श्रेष्ठलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

नगर कार्यपालिकाको १३० औ बैठक पछि विभिन्न समयमा बसेका अस्पताल व्यवस्थापन समिति र अन्य विषयगत समितिका बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

नेपाल सरकार, अन्तरसरकारी वित्तिय हस्तान्तरण अन्तर्गत पर्यटन पूर्वाधार बिकास आयोजना-सशर्त पूँजीगत कार्यक्रममा उल्लेखित पाखागाँउ पार्क निर्माण योजनाको ठेगाना सूनपा वडा नं ९ हुनपर्नेमा वडा नं उल्लेख गरिएको देखिएन । पाखागाँउ पार्क वडा नं ९ मा नै भएकोले उक्त आयोजनालाई सोही स्थानमा कार्यान्वयन गर्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय १४**

यस नगरपालिका अर्न्तगत देहायका वडाहरुमा कार्यरत निम्न फिल्ड सुभरभाईजरहरुलाई भाद्र महिनामा पनि आ आफ्नो वडाको पूर्वाधार निर्माण एवं मर्मत सुधारका काममा खटाईएकोले

निजहरुलाई सम्बन्धित वडाको सिफारिसमा पूर्वाधार विकास शाखाबाट प्रमाणित भए अनुसार हुनेगरी डोर हाजीरीका आधारमा २०७९ साल भाद्र महिनाको पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।
तपसिल

| क.स. | नाम थर | खटिएको वडा नं |
|---|---|---|
| १ | प्रेमकृष्ण श्रेष्ठ | वडा नं १ |
| २ | मीना नगरकोटी | वडा नं७ |
| ३ | राजु पन्थ | वडा नं ९ |
| ४ | सुमन कार्की | वडा नं १० |

**निर्णय नं १५**

यस नगरपालिकामा नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नियमित कार्यालय समयको अतिरिक्त बिहान, बेलुका र सार्वजनिक विदाको दिनमा समेत कार्यालयको कामसंग सम्बन्धित विषयमा हुने छलफल, बैठक, भेला, अन्तरक्रिया, अनुगमन, तालिम, प्रशिक्षण लगायतका काममा खटिनुपर्ने भएकोले वहाँहरुको सवारी चालकलाई मिति २०७९ श्रावण १ गतेदेखि लागू हुने गरी खाजा खाना खर्च वापत मासिक जनही रु.६००० का दरले थप प्रोत्साहन सुविधा उपलब्ध गराउने तर महिनामा एकै पटक वा पटक पटक गरी जुनसुकै कारणले भएपनि ७ दिनभन्दा वढी अनुपस्थित भएमा उक्त रकम दामासाहीले दिने र सूर्यविनायक नगर अस्पतालको कार्यकारी निर्देशक तथा नगर प्रहरीले प्रयोग गर्ने सवारी साधन समेत कार्यालय कामको सिलसिलामा नियमित कार्यालय समय बाहेक बिहान बेलुका र सार्वजनिक विदाको दिनमा पनि प्रयोग हुने भएकोले ति सवारी साधनका सवारी चालकहरुलाई कार्यालयमा उपस्थित भई डिउटी गरेको दिनको हाजिरी अभिलेखको आधारमा सूर्यविनायक नगरपालिकाको कार्यसंचालन निर्देशिका बमोजिम दैनिक रु.१५० का दरले खाजा खर्च उपलबध गराउने निर्णय गरियो ।

**निर्णय नं १६**

यस नगरपालिका अन्तर्गतका नगर स्वास्थ्य चौकीहरु क्रमशः कटुञ्जे, गुण्डु, सिरुटार र चित्तपोलमा कार्यरत ल्यावका कर्मचारीलाई यसअघि मासिक रु.दश हजारका दरले पारिश्रमिक भुक्तानी गर्दै आएकोमा आ.व.२०७९।८० देखि लागू हुने गरी निजहरुको मासिक पारिश्रमिकमा रु.पाँच हजार थप गरी प्रति महिना रु.पन्ध्र हजारका दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १७**

सूर्यविनायक नगरपालिका र चाँगुनारायण नगरपालिकाको लागत साझेदारीमा खरिद गरिएको दमकल संचालन तथा व्यवस्थापनको लागि हाललाई जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरको नाममा रु.२ लाख निकाशा दिने निर्णय गरियो ।

**निर्णय नं १८**

सूर्यविनायक नगरपालिका र चाँगुनारायण नगरपालिकाको लागत साझेदारीमा खरिद गरिएको दमकल संचालन तथा व्यवस्थापनको लागि हाललाई जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरको नाममा रु.२ लाख निकाशा दिने निर्णय गरियो ।